नेपाल सरकार
मेलम्ची खानेपानी विकास समिति
पानीपोखरी, काठमाडौं

४४४३४७३
४००६५४१
फोनः ४००६५१९
४००६५२०
फ्याक्सः ०१-४००६५४१
E-mail: melamchiwater@gmail.com
Website: www.melamchiwater.gov.np

पत्र संख्याः २०८२/८३ (खानेपानी)
चलानी नं.:

प्रेस विज्ञप्ति

२०७८ असार १ गते र सोही वर्षको श्रावण १६ र १७ गते मेलम्ची नदीमा आएको आकस्मिक बाढीबाट मेलम्ची खानेपानी आयोजनाको अम्बाथान स्थित Headworks र Access Road लगायतका संरचनाहरु पूर्ण रुपमा क्षति भई मुख्य प्रणाली बन्द भएको व्यहोरा अवगत नै छ। तत् पश्चातका हरेक वर्ष मनसून समाप्त भएपछि बैकल्पिक प्रणालीका अवयवहरुमा आवश्यक सफाई तथा मर्मत सम्भार गरी अस्थायी रुपमा काठमाडौं उपत्यकामा पानी पथान्तरण गर्दै आइरहेका छौं। यसै बमोजिम मिति २०८२/०६/२६ गते देखि हालसम्म निरन्तर रूपमा सुरूङबाट पानी पथान्तरण हुँदै आएको छ।

जल तथा मौसम विभागको सूचना अनुसार यस वर्षको मनसून सक्रिय भई बर्षा शुरु भएको छ। निरन्तर वर्षाका कारण मेलम्ची खानेपानी आयोजनाको मुहान क्षेत्र भन्दा माथि भ्रेमाथाङ्गमा अत्याधिक मात्रामा रहेको गेग्रान तथा हेडवर्क्स भन्दा माथि रहेको पहिरोहरु जुनसुकै बेला बगेर सुरूङ भित्र छिर्न सक्ने अवस्था भएको, नदीमा पानीको मात्रा बढ्नाले कर्मचारीहरुको आवतजावत गर्न असहज भएको, बाढिको कारण पानीमा भएको धमिलोपना (Turbidity) पानी प्रशोधन केन्द्रको प्रशोधन क्षमता भन्दा बढी भई सुरूङ गेट खोल्ने र बन्द गर्नुपर्ने अवस्था सिर्जना हुँदा टनेलको संरचनामा असर पुग्न जाने भएको तथा सुरङ भित्र जमेको लेदो समय समयमा सफा गरी सुरूङ इन्सपेक्सन समेत गर्नुपर्ने लगायतका कारणले आज मिति २०८३/०३/१९ गते देखि मनसुन अवधि नसकिएसम्म काठमाडौंमा पानी पथान्तरणको कार्य बन्द गरिएको व्यहोरा अवगत गराउँदछौं।

दीर्घकालीन रूपमा बाह्रै महिना पानी पथान्तरणका लागि हाल नयाँ हेडवर्क्सको अध्ययन भईरहेको छ। हाल वैकल्पिक प्रणाली मार्फत पानी पथान्तरण भईरहेको र अत्याधिक वर्षाका कारण हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न तथा विगत चार (४) वर्षदेखि सुरूङको सफाइ, मर्मत र निरीक्षण (Inspection) पनि नभएको हुँदा सो अवधिमा यी कार्यहरू पनि सम्पन्न गर्न केही अवधिका लागि सुरूङ बन्द गर्नुपर्ने भएकोले काठमाडौंवासी आम उपभोक्तामा पर्न जाने असरप्रति क्षमायाचना गर्दै मनसुन समाप्ति पश्चात यथासम्भव चाँडो काठमाडौं उपत्यकामा पानी पुनः पथान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

मेलम्ची खानेपानी बन्द भएको अवस्थामा पनि विभिन्न वैकल्पिक स्रोतबाट पानी संकलन गरी काठमाडौं उपत्यकाका आम उपभोक्तालाई सूचारु रुपमा खानेपानी वितरण गर्ने सम्बन्धमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग समन्वय गरिने व्यहोरा अनुरोध गरिन्छ ।

मितिः २०८३।०३।१९

Madhu
.....
सूचना अधिकारी